तारकेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाण्डौं
३ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७४/०७५

चलानी नं. : ६५६५

मिति : २०७५/१/२

विषय : मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम संचालन सम्वन्धमा ।

श्री वडा कार्यालय सवै
तारकेश्वर नगरपालिका ,काठमाण्डौ

प्रस्तुत विषयमा क्षेत्रीय निर्वाचन कार्यालय,बबरमहल,काठमाण्डौको च.नं ४२० मिति २०७४।१२।२८ को पत्रवाट श्री निर्वाचन आयोग,नेपालको प.सं च.नं २०७४।०७५ नामावली/२.१/७५ को प्राप्त पत्रानुसार मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदाता नामावली संकलन गर्ने तथा मतदाता नामावलीमा नाम रहेका मतदाताहरुको विवरण अद्यावधिक ( नामावली अन्यत्र सार्न, विवरण सच्याउन र नामावलीवाट नाम हटाउन) गर्ने कार्य **क्षेत्रीय निर्वाचन कार्यालय,काठमाण्डौमा मिति २०७५ वैशाख २ गते दखि अर्को व्यवस्था नभएसम्म** संचालन हुने भएकोले तहां नगरपालिका भित्रका सवै वडाका मतदाता नामावलीमा नाम दर्ता गर्ने उमेर पुरा भएका मानिसहरु र यस अघि मतदाता नामावलीमा नाम दर्ता भएका मतदाताहरुमा सुचना प्रचार प्रसार गरेर सहयोग गरि दिनु हुन अनुरोध छ भनि लेखि आएको हुदा वडा भित्रका मतदाता नामावलीमा नाम दर्ता गर्ने उमेर पुरा भएका र मतदाता नामावलीमा नाम दर्ता भै सकेका मतदाताहरुले कार्यालय समय भित्रमा क्षेत्रीय निर्वाचन कार्यालय काठमाण्डौमा सम्पर्क राखी आफनो नाम दर्ता तथा अद्यावधिक गर्न सुचना प्रकाशित गरि प्रचार प्रशार गरिदिनु हुन अनुरोध गरिन्छ ।

१।२

(जानुका सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

जानुका सुवेदी वाग्ले
प्रमुख प्रशासकीय अधिकृत

Website : www.tarakeshwormun.gov.np
फोन नं. ०१-५१६८१११ Facebook : हेल्लो तारकेश्वर नगरपालिका Email : tarakeshwormun@yahoo.com